*“शिक्षा, स्वास्थ्य, कृषि, वन र जलाधार। समृद्ध वडा नं ५ को मुल आधार।”*

# घोडाघोडी नगरपालिका

# वडा नं. ५ को वडा विकास योजना

आ.व. २०७८/७९ देखि २०८२/८३ सम्म

**प्रकाशकः**

घोडाघोडी नगरपालिका वडा नं. ५
कैलाली जिल्ला, सुदुर पश्चिम प्रदेश, नेपाल
तयार गरेको वर्षः २०७८

# घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, सुखड, कैलाली
# सुदूरपश्चिम प्रदेश, नेपाल



## मन्तव्य

स्थानीय सरकारका रुपमा नगरपालिकाले सेवा प्रवाह तथा विकास निर्माण मार्फत जन आकांक्षा सम्बोधनको ऐतिहासिक जिम्मेवारी नव निर्वाचित जनप्रतिनिधिहरुमा रहेको छ । संघीय शासन व्यवस्थाको रुपमा स्थानीय तह, प्रदेश र संघ माझ समन्वय, सहकार्य र सह अस्थित्वको सिद्धान्तका आधारमा शासन संचालनको अपेक्षा गरीए जस्तै स्थानीयस्तरमा पनि राजनीतिक दल, विषयगत निकाय, समुदायमा आधारित संस्था, स्थानीय समुदाय, नीजि क्षेत्र र विकास साझेदार तथा गैसससंगको निकटम सहकार्य र समन्वयबाट अपेक्षित परिवर्तन सुनिश्चित हुने विश्वास गर्न सकिन्छ । स्थानीय तहको चौतर्फी विकासका लागि दिर्धकालिन योजना तयार गरी विकास निर्माण प्रभावकारी गराउन नगरपालिका तथा वडाको समग्र पक्षको क्षेत्रगत आवश्यकता तथा विकासका संभावनाहरु खुल्ने गरी वडाहरुको पनि आवधिक योजना तयार गर्नु अत्यन्त महत्वपूर्ण कार्य हो । नगर विकासको विद्यमान स्थितिको विश्लेषण गरी नगर विकासको प्रयासलाई दिशानिर्देश गर्न हाल नमुना वडा नं ५ को एकिकृत आवधिक वडा विकास योजना तयार हुनु महत्वपुर्ण उपलब्धि हो ।

नगरपालिकाको समग्र नेतृत्व, विषयगत कार्यालय, वडा समिति तथा वडा स्तरका समग्र सरोकारवालाको सहयोग तथा सहकार्य र जर्मन सहयोग (GIZ) को आर्थिक तथा FCG को प्राविधिक सहयोगमा घोडाघोडी नगरपालिका वडा नं. ५ को आवधिक वडा विकास योजना तयार गरिएको छ । यस वडा विकास योजनाले स्थानीय जनताको आन्तरिक आयमा वृद्धि, पुर्वाधारका दिगो संरचना निर्माण तथा विकासका क्षेत्रगत गतिविधीहरु लाइ मार्गदर्शन गर्ने छ भन्ने विश्वास लिएको छु । यसका अतिरिक्त, नगरपालिकाको विकासका लागि सहकार्य गर्ने अन्य विकासका साझेदार लगायत स्थानीय गैसस तथा निकायका लागि पनि वडाको आवश्यकता पहिचानको दृष्टिकोण बाट यो दस्तावेज महत्वपूर्ण र सहयोगी हुनेछ । यस नगरपालिकाको विकास र सम्मृद्धिको सपना सबैको एकता, साझा प्रयास र प्रतिवद्धता बाट प्राप्त हुने कुराको पुन स्मरण गर्न चाहन्छु ।

अन्त्यमा, वडा नं ५ को वडा विकास योजना तयारीको कार्यमा सहयोग र परामर्श प्रदान गर्ने सम्पुर्ण निर्वाचित पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी, तथ्याङक संकलकहरु, प्राविधिक सहयोग गर्ने FCG का विज्ञ सहयोगकर्ता सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

..........................

**ममता प्रसाद चौधरी**

**(नगरप्रमुख)**

# घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, सुखड, कैलाली
# सुदूरपश्चिम प्रदेश, नेपाल



## कृतज्ञता/सन्देश

सर्व प्रथम वडा नं ५ को ५ वर्षे वडा विकास योजना निर्माण भईरहेको सन्दर्भमा अत्यन्तै खुसी लागेकोछ। वडाको आफ्नै पहल र साझेदार संस्था GIZ तथा परामर्शदाता संस्था FCG को प्राविधकि सहयोगमा तयार भएको वडा नं ५ को वडा विकास योजनाले यस वडाको समग्र विकासमा ठुलो सहयोग पुऱ्याउने आशा लिएकोछु। वडाको विकास भए मात्र नगरको विकास हुने हुदा यो लिखित दस्तावेज समग्र नगरका लागि कोसे ढुङ्गा (Mile Stone) साबित हुने विश्वास एवं आशा रहेकोछ। यस नगरपालिकाको वडा नं ५ को वडा विकास योजना तयारीको सर्न्दभमा यस कार्यमा संलग्न स्थानिय जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, परामर्शदाता संस्थाका विज्ञहरु तथा सरोकारवाला सबै प्रति कृतज्ञता ज्ञापन गर्दछु।

नगरपालिकाको वडा नं ५ को वडा विकास योजना तयारीको क्रममा सुरुवात देखि नै आफ्ना सल्लाह तथा सुझावहरू दिदै यसलाई अन्तिम स्वरुप प्रदान गर्न सहयोग गरिदिनुहुने जन प्रतिनिधी, राजनैतिक दलका प्रतिनिधिहरू, निर्देशक समिति सम्पूर्ण पदाधिकारहरू तथा तथ्याङक संकलकहरु प्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यसैगरी वडा तथा टोल भेलाहरूमा उपस्थित भएर आफ्ना टोल तथा वस्ती, समुदायका समस्याहरू अगाडि राखी सहयोग गरिदिनुहुने सम्पूर्ण टोलवासी समुदायप्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद !

.....................................

**प्रेम कुमारी थापा**
**नगर उप- प्रमुख**



# घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, सुखड, कैलाली
# सुदूरपश्चिम प्रदेश, नेपाल

## भूमिका

नेपालको संविधानले पद्दत गरेको अधिकारको प्रयोग गरि गठन भएका स्थानिय निकायहरुले स्थानिय तहको समग्र विकासका लागि प्रत्येक स्थानिय तहको समग्र विकासका संभावनाहरु झल्कीने गरि दिर्धकालिन आवधिक योजना तयार गनुपर्ने अनिवार्य व्यवस्था गरिएकोछ। स्थानिय निकाय जनताको सबै भन्दा निकटको सरकारका रुपमा स्थानीय शासन संचालन र व्यवस्थापनका लागि नयाँ अनुभवका साथ अगाडी बढिरहेकोछ। विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाका अतिरिक्त साधन र स्रोतको सीमा भित्र रहेर शासन संचालन र व्यवस्थापन चुनौतीपूर्ण कार्यका रुपमा देखिएको छ । जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघिय प्रणालीको सुदृढिकरण, दीगो विकास, सुशासन र संमृद्धिको आकांक्षा पूरा गर्ने दिशामा महत्वपूर्ण जिम्मेवारी स्थानीय निकायमा रहेकोछ। स्थानीय सरकार संचालन ऐनले स्थानीय तहता विकासका गतिविधीहरु लाइ व्यवस्थित गर्न तथा स्थानीय तहको चौतर्फि विकास गर्न आवधिक योजना तर्जुमा गरी अगाडी बढाउनु पर्ने कुरालाई महत्वपूर्ण रुपमा उठान गरेको छ। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवधिक तथा वार्षिक योजना तयारी गर्न आवश्यक ढाँचा सहितको *स्थानीय तहको योजना तर्जुमा दिग्दर्सन २०७५ ( नमुना)* समेत उपलब्ध गराएको वर्तमान अवस्थामा नगरपालिकाको विकासको लागि वडा स्तरमै आवधिक योजना तयार गरी र्कायान्वयन गर्दे लैजानु आवश्यक छ।

अन्त्यमा, वडा नं ५ को वडा विकास योजना तयारीको कार्यमा सहयोग र परामर्श प्रदान गर्ने सम्पुर्ण निर्वाचित पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी, तथ्याङक संकलकहरु, साझेदार संस्था GIZ तथा प्राविधिक सहयोग गर्ने (FCG) का विज्ञ सहयोगकर्ता सहित सबैको योगदानको उच्च कदर गर्दे धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !

................................
**खगेन्द्र बहादुर सिंह**
**नि. प्रमुख प्रशासकिय अधिकृत**

**घोडाघोडी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**५ नं.वडा कार्यालय**
**बनखेत, कैलाली**
**सुदुरपश्चिम प्रदेश नेपाल**



पत्र संख्या : २०७६/०७७

## कृतज्ञता ज्ञापन

नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा) तथा स्थानिय जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार यस वडामा पनि कार्यक्रम संचालन गरिएकोमा खुसी लागेको छ । मानिसलाई प्राकृतिक रुपमा आइपर्ने प्रकोपजन्य वा जलवायुका कारण मानवजन्य जनधनमा पर्ने असरलाई विपद् भनिन्छ जो मानिसले प्रकृति संग गरिने कृयाकलापहरूमा पनि आधारित हुन्छ । कतिपय विपद्हरू प्राकृतिक रुपमा मात्रै उत्पत्ती हुन्छन् तिनिहरूलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न सक्दैन तर तिनिहरू बाट बच्ने उपाय मात्र गर्न सक्छ जस्तै भुकम्प यसलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न नसके पनि यसवाट हुने क्षती कम हुने उपाय गर्न सक्छ भने अन्य बाढी पहिरो, नदी कटान, डुवान महामारी जस्ता प्रकोपहरू मानविय कृयाकलाप बाट सृजित हुने भएकाले यसको प्रभावकारी व्यवस्थापन र न्यूनिकरण गर्न विभिन्न उपायहरू अपनाउनु पर्ने हुन्छ ।

माथिको वाक्यांशलाइ आधार मान्दै यस नगरपालिका वडा नं ५ का सम्भावित विपदहरूको पहिचान गरी ति विपदहरूलाई व्यवस्थापन र न्यूनिकरण गर्न यस वडाको **"वडा स्तरीय विपद् तथा जलवायु उत्थानशिल योजना–२०७६"** निर्माण गरिएको छ । यस योजनाले वडामा हुने सम्भावित विपद्हरूलाई पहिचान गर्नुका साथै ति जोखिमयुक्त वस्ती, समुदाय र क्षेत्रहरूको समेत पहिचान गरी कुन क्षेत्रमा विपद् न्यूनिकरण गर्न के उपाय गर्न सकिन्छ सो उपायको खोजी र प्रयोग गर्ने योजना तथा कार्यक्रम समेट्ने प्रयास गरिएको छ । प्रस्तुत योजना अनुसार यस वडाको विपद् तथा जलवायु उत्थानशिल योजनाले समेटेका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको लागि विभिन्न कृयाकलापहरूमा सहयोग गर्न सबै सम्वन्धित सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरूलाई अनुरोध समेत गरिने छ ।

यस वडाको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने संस्था वर्ल्ड भिजन इन्टरनेशनल, नेपाल र सामाजिक विकासका लागि सचेत समाज धनगढी कैलाली एवम् वडा विपद् व्यवस्थापन समितिलाई समेत धन्यवाद दिन चाहन्छु ।

......................................
**वडा अध्यक्ष**
**घोडाघोडी नगरपालिका**
**५ नं. वडा कार्यालय, साडेपानी, कैलाली**

# विषय सूची


भाग १ योजना तर्जुमा खाका ........ 1

१.१ वडाको दृष्टि, लक्ष्य र रणनीति ........ 2

१.१.१ सोंच (दुरदृष्टि) ........ 2

१.१.२ लक्ष्य ........ 2

१.१.३ रणनीतिहरू ........ 3

भाग २ वडा विकास योजनाको औचित्य ........ 6

२.१ वडा विकास योजनाको परिचय ........ 7

२.२ वडा विकास योजनाको औचित्य ........ 7

२.३ वडा विकास योजनाका उद्देश्य ........ 8

२.४ वडा विकास योजना तयार बिधि/प्रकृया ........ 9

वडा विकास योजना तयारी कार्यदल गठन ........ 9

टोल विकास प्रस्तावना (Tole Development Proposal) को तयारी ........ 9

वडा विकास आवधिक योजना तयारी कार्यशाला ........ 10

योजना तथा कार्यक्रमहरूको प्राथमिकिकरण ........ 10

वडास्तरीय विकास योजना तयार ........ 11

वडा विकास योजना स्विकृत ........ 11

वडा विकास योजना कार्यान्वयन ........ 11

अनुगमन तथा मूल्यांकन ........ 12

२.५ वडा विकास योजना तयारीका सिमितताहरू ........ 12

भाग ३: वडाको परिचय ........ 13

३.१ भोगोलिक सिमाना ........ 14

३.३ भौतिक पूर्वाधारको अवस्था ........ 14

३.४. समुदायिक संस्था तथा समुहहरू ........ 15

३.५ वडामा कार्यरत गैर सरकारी संघ-संस्थाका कार्यक्रमहरु ........ 15

३.६ भू-उपयोगको अवस्था ........ 15

३.७ टोल अनुसार जातिगत घरधुरी विवरण ........ 16

३.८ वडामा जातजाति अनुसार जनसंख्या विवरण ........ 17

३.९ बालवालिका तथा अपाङ्गता सम्बन्धि विवरण ........ 19

३.१० घरधुरीहरूको मुख्य पेशा सम्बन्धि विवरण....19

३.११ वडाको मानव संशाधनको अवस्था....19

वडाको टोल सहितको नक्सा....20

भाग ४ वडाको अवस्था विश्लेषण (Situation Analysis)....21

४.२ वडाको समग्र विकास र सम्भावनाहरु....27

४.२.१ आर्थिक विकास....27

४.२.२ सामाजिक विकास....27

४.२.३ पूर्वाधार विकास....27

४.२.४ वन, वातावरण तथा विपद् व्यवस्थापन....28

४.२.५ संस्थागत विकास, सुशासन रसेवा प्रवाह....28

भाग ५ क्षेत्रगत योजनाहरु र कार्यक्रमहरु....29

५.१ विगत ४ वर्षमा नगरपालिका बाट वडालाइ प्राप्त बजेट सिमाको अवस्था....30

५.१ यस आर्थिक वर्ष २०७८/७९ का लागि स्विकृत योजना तथा बजेट (पहिलो वर्ष)....31

**भाग ६ अगामी चार वर्षका लागि योजना तथा कार्यक्रमको सुची**....34

६.१ वडा विकास कार्यशाला बाट आर्थिक वर्ष २०७९/८० देखि २०८२/८३ सम्मका लागि निर्धारण गरेका क्षेत्रगत योजना तथा कार्यक्रमहरु....35

भाग ७ वडा विकास योजनाको कार्यान्वयन, अनुगमन तथा मुल्यांकन....39

७.१ वडा विकास योजनाको कार्यान्वन....40

७.२ अनुगमन तथा मुल्यांकन....41

७.३ योजनाको मुल्यांकन....42

७.४ श्रोत अनुमान तथा प्रक्षेपण....43

७.५ श्रोत परिचालन रणनीति....44

अनुसूचीहरू....45

अनुसुची १. टोल विकास प्रस्तावना बाट एकिकृत गरिएका योजना तथा कार्यक्रमहरूको सुची तथा प्राथमिकिकरण (क्षेत्रगत रूपमा)....46

आर्थिक विकासको क्षेत्र....46

सामाजिक आर्थिक विकासको क्षेत्र....50

पुर्वाधार विकासको क्षेत्र....52

वन वातावरण तथा विपद व्यवस्थापन विकास....58

सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह....61

अनुसूची २. टोल विकास संस्थाहरूको नामावली.....62
अनुसूची ३. योजना प्राथमिकिकरणको आधारहरू तथा अंकभार.....63
अनुसूची ४: आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम.....65
अनुसुची ५ : वडा समितिको नामावली.....66
अनुसुची ६ : वडा विकास योजना तयारी कार्यशालामा उपस्थित सहभागीहरू.....67

# भाग १ योजना तर्जुमा खाका

## १.१ वडाको दृष्टि, लक्ष्य र रणनीति

### १.१.१ सोंच (दुरदृष्टि)

घोडाघोडी नगरपालिका वडा नं. ५ को ५ बर्षे योजना निर्माण अन्तिम कार्यशाला, वडा समिति संगको छलफल, टोल बिकास संस्थाको योजना तर्जुमा भेला बाट आएका सुझाव र नगरपालिकाको दिर्धकालिन परिकल्पना र सोचहरूलाइ पनि मध्य नजर गर्दै उल्लेखित वाक्य लाइ यस वडाको दीर्घकालिन सोचका रुपमा आत्मसात गरिएको छ।

*"शिक्षा, स्वास्थ्य, कृषि, वन र जलाधार । समृद्ध वडाको मुल आधार"*

### १.१.२ लक्ष्य

घोडाघोडी नगरपालिका वडा नं ५ ले सम्पन्न गरेका टोल स्तरीय योजना तर्जुमा भेला, यस अवधिक योजना निर्माणको क्रममा भएका विभिन्न छलफल, सरेकारवालाहरू संगको गोष्ठीहरुबाट आएका सुझाबहरु, नगरपालिकाको बिकास लक्ष्य, निति तथा कार्यक्रमको आधारमा यस वडाको समष्टिगत विकासका लागि सामाजिक विकास, आर्थिक विकास, पुर्वाधार विकास, वातावरणिय सन्तुलन तथा सुशासन प्रबर्धन लाइ समष्टिगत रुपमा अगाडी बढाउने आधार तयार गरेको छ। यसका साथै वडामा बसोवास गर्जे जनताको आयआर्जन, रोजगारी, खाद्य सुरक्षा र जीवनस्तरमा दिगो तथा गुणात्मक रूपमा सुधार गर्ने मुल लक्ष्य लिइएको छ।

- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा सबैको पहुच सुनिश्चित गर्दै न्यायोचित बिकासको लागि पछाडी परेको बर्गलाइ सशक्तीकरण गरी समावेशी तथा समतामूलक समाज निर्माण गर्ने।
- सिंचाई पुर्वाधारको विस्तार, कृषि प्रविधिमा आधुनिकीकरण तथा स्थानिय स्तरमै जैविक मल उध्योग स्थापना गर्दै कृर्षि उत्पादनमा उल्लेख्य बृधि गरिने छ।
- साना कृषकहरू लाइ व्यवसायिक बनाउन पशुपालन, कुखुरापालन, बंगुरपालन, बाख्रापालनका लागि उचित सहुलियत प्रदान गरिने छ। कृषि जन्य उत्पादनक संकलन तथा बजारिकरणका लागि उचित व्यवस्था गरिने छ।
- घरेलु तथा साना उधोग प्रबर्धन, सीपमुलक तालिमहरूको व्यवस्था, पर्यटकीय पूर्वाधारको निर्माण एवं होमस्टे (पर्यटक घरबास) जस्ता कार्यक्रमहरू लाइ प्रोत्साहन गर्दै वडाबासीको आयआर्जनमा सुधार गरिने छ।
- जनताका अधारभुत अवश्यकता संग प्रत्यक्ष सरोकार राख्ने खालका पुर्वाधारहरू जस्तै बाटोघाटो, सडक, पुल, सार्वजनिक भवन, विद्युत, सञ्चार आदि सहितको व्यवस्थित बस्ती विकास गर्ने।
- सामुदायिक उत्थानशीलता बढाउनका लागि वन संरक्षण, भुसंरक्षण, जलाधार संरक्षण, फोहर ब्यबस्थापन, विपद् तथा जलवायु परीवर्तन सम्बन्धी कार्यक्रम कार्यान्वयनमा जोड दिने।

- वडा मार्फत संचालन गरिने प्रतेक कार्यक्रम तथा सबै योजनाहरूको व्यवस्थापनमा जन सहभागिता सुनिश्चित गर्न टोल विकास संस्थाको नेतृत्वमा योजनाहरू कार्यान्वयन गर्ने तथा सुशासन कायम गर्न पारदर्शिता तथा जवाफदेहिताका औजारहरू प्रयोग गर्ने।

### १.१.३ रणनीतिहरू

यस वडाका लक्ष्यहरुलाई हासिल गर्न तपसिल बमेजिमको रणनीतिहरू निर्धारण गरिएको छ भने नगरपालिकाको आबधिक, बार्षीक योजनाले निदृस्ट गरेका रणनितीलाइ प्रमूख मार्गदर्शनको रूपमा लिइएको छ।

*क) आर्थिक विकासः*

- आवश्यकता अनुसार माटो परिक्षण गरी वा नगरी अन्नबाली, तरकारी खेती, फलफुल खेती, पशुपालन लगायत विविध प्रकारका पकेट क्षेत्रको निर्धारण गरी ब्यबसायिक, आधुनिक, उन्नत कृषी प्रणालीमा जोड दिने।
- बैदेशिक रोजगारीबाट फर्केका तथा स्थानिय बेरोजगार यूवाहरूलाई आधुनिक कृषी तथा पशुपालनका क्षेत्रमा आकर्षित गर्नका लागि आवश्यक अनुदान दिने व्यवस्था गरिने।
- स्थानिय उत्पादनमा आधारीत साना तथा घरेलु उद्योग संचालनमा जोड दिने।
- कृषि प्राबिधिकहरू संग कृषकहरूलाइ एक आपसमा सम्बन्ध स्थापित गर्दै अर्गानिक उत्पादनमा जोड दिने, कृषी सेवामा सुधार गर्ने तथा बजार व्यवस्थापन गर्ने।
- वडामा रहेका भुमिहिन तथा गरिब परिवारको आय आर्जनमा सुधार गर्नका लागि सीपमुलक व्यवसायिक तालिमहरूको व्यवस्था गरिने छ।

*ख) सामाजिक विकासः*

- शिक्षाको गुणस्तर बृद्धि गर्न वडामा रहेका सामुदायिक विध्यालयका शिक्षक, बिधार्थी र अभिवाभक बिचमा त्रैमासिक समिंक्षा कार्यक्रम गर्ने ।
- सामुदायिक तथा निजि विध्यालयको अवस्था अनुगमन गर्न वडास्तरमा एक विध्यालय अनुगमन समिति गठन गर्ने।
- विधालयमा बिधार्थी शिक्षक अनुपातमा अनुदान तथा आवश्यक शिक्षण सामाग्री ब्यबस्थापन गर्ने तथा गरिब जेहेन्दार परिवारका विध्यार्थीका लागि छात्रबृतीको व्यवस्था गर्ने।
- विधालयका संरचना निर्माण गर्दा बाल मैत्री, अपांग मैत्री , लैंगीक मैत्री र भुकम्प प्रतिरोधी संरचना निर्माण सुनिश्चित गर्ने।
- स्वास्थ्य संस्थाबाट प्रदान गरीने सेवामा पहुच बृधी गर्ने, स्वास्थ्य बिमाको प्रवाभकारी कार्यान्वयन र स्वास्थ्य सचेतना मार्फत स्वस्थ जीवनशैली प्रर्बधन गर्ने।
- महिलाका स्वास्थ्य संग सरोकार राख्ने प्रजनन स्वास्थ्य, सुरक्षित महिनावारी र पोषणका कार्यक्रमलाइ प्राथमिकताका साथ अगाडी बढाउने।

- खानेपानीमा सबैको पहुच सुनिश्चित गर्न एक घर एक धाराको अवधारणा अनुसार खानेपानी योजनाहरू तर्जुमा गरि दिगोपनाका लागि मर्मत सम्भार कोषको व्यवस्था, पानी सुरक्षा योजना लागु गर्ने तथा पुर्ण सरसफाई अभियान संचालन गर्ने।
- समाजमा पछौटेपनको प्रमुख कारकका रूपमा विधमान रहेको बाल विबाह प्रथा, छाउपडी प्रथा, महिला हिंसा, जातिय छुवाछुत जस्ता सामाजिक कुरुतीहरुको अन्त्य गर्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने।
- सामान्य प्रकृतिका सामाजिक विवाद वा वैमनस्यता निरूपणका लागि सहजिकरण गर्ने।
- युवा तथा खेलकुद विकासका लागि आवश्यक पुर्वाधार विकास गरि प्रतिस्पर्धि, अनुशासित र स्वावलम्बि युवा जनशक्ति उत्पादनमा जोड दिइने छ।
- धार्मीक र सास्कृतिक प्रर्बधनका लागि माग अनुसार कार्यक्रम संचालन गर्ने।

*ग) पूर्वाधार विकासः*

- राजमार्ग संग जोडिएको वडा भएकाले शहरी विकासको अवधारणा अनुसार प्रतेक टोलमा सुधारीएको सडक, बाटो निर्माण तथा स्तरउन्नती गर्ने।
- सिचाइका सम्भावित स्थानहरुमा सिचाइ निर्माण तथा मर्मत गरी संचालनमा ल्याइनेछ भने सिचाईको श्रोत कम भएका वा नभएका ठाउहरुमा डिप बोरिङ मार्फत साना सिचाईमा जोड दिई कृषि उपजहरूको उत्पादकत्व बढाउने छ ।
- भौतिक पुर्वाधार अन्तर्गतका ठुला संरचना निर्माण गर्दा विपद् जोखिम न्युनिकरण गर्न ध्यान दिइने छ तथा अवश्यक परे वातावरणिय प्रभाव मुल्याकन गरेर मात्र संरचना निर्माण गरिने छन।
- सार्बजनिक, संस्थागत वा निजी भवन निर्माण गर्दा अनिवार्य रूपमा भवन निर्माण मापदण्ड अनुसार नक्सा पास गरि निर्माण गर्ने।
- सफा गाउघर अभियान संचालन गरिनेछन तथा ग्रामिण क्षेत्रको ढल निकास तथा फोहर व्यवस्थापनका लागि उपयुक्त संरचनाहरू निर्माण गरिने छन।

*घ) वन वातावरण तथा विपद व्यवस्थापनः*

- यस वडामा रहेका सबै सामुदायिक वन उपभोक्ता समुहहरूको संस्थागत विकासमा जोड दिइने छ। अतिक्रमित वन क्षेत्र लाइ सुदृढिकरण गर्न बृक्षारोपण कार्यक्रम संचालन गरिने छ। चरन क्षेत्र लाइ ब्यबस्थित गरिदै लगिने छ।
- भुसंरक्षण, जलाधार तथा सिमसार क्षेत्रको संरक्षण गर्न कार्यक्रम संचालन गरिने छ तथा नकुहिने फोहरको उपयुक्त ब्यबस्थापन सहित बाताबरणीय सन्तुलन कायम गर्ने ।
- जल उत्पन्न प्रकोप नियन्त्रणका लागि ठुला तटबन्धन निर्माण गर्नुपर्ने भएकाले त्यसका लागि नगरपालिका मार्फत प्रदेश सरकार तथा संघीय सरकार संग बजेट माग गरि नियन्त्रण गर्ने।

- जोखीम क्षमता मुल्यांकनका (Vulnerable Capacity Assessment) अधारमा टोलहरूलाइ विपद जोखिम वर्गिकरण गरिने छन तथा विपद ब्यबस्थापन समितिहरूको क्षमता अभिबृधिमा जोड दिइने छ।
- पहिचान भएका उच्च जोखीममा रहेका बस्ति वा घरहरूलाइ स्थानान्तरणको लागी प्रकृया अगाडी बढाइने छ।

*ङ) सुसासन, सस्थागत विकास तथा सेवा प्रवाहः*

- वडा कार्यालय बाट प्रदान गरिने सेवा प्रवाहलाइ थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति, प्रबिधी र उपकरणमा ध्यान दिइ गुणस्तरीय सेवामा सबैको पहुच र सहजता सुनिश्चित गरिने छ।
- वडा कार्यालयमा सेवा प्रवाह सम्बन्धि जन गुनासो व्यवस्थापनका लागि आधिकारिक व्यक्ति तोकिने छ।
- योजना माग, छनौट तथा कार्यान्वयनका सबै चरणलाइ थप ब्यबस्थित गर्न टोल बिकास संस्थाहरूको भुमिकालाइ प्रभावकारी बनाइने छ।
- वडा, नगरपालिका वा अन्य निकाय बाट संचालन गरिने योजनाहरू जन सहभागितामा अधारित हुनेछन तथा योजना कार्यान्वयन चरणमा सुचना ब्यबस्थापन, पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरिक्षण संचालन गरिने छन।
- योजना तथा कार्यक्रमहरूका अनुगमन तथा मुल्यांकन लाइ प्रभावकारी बनाउने।
- जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम, सेमिनार, अध्ययन अवलोकन भ्रमण कार्यक्रम लाइ प्राथमिकता दिने ।
- वडामा संचालन हुने कार्यहरूको प्रभावकारिताका लागि वडा स्तरमा गठित टोल विकास समिति, क्लबका प्रतिनिधिहरू सहभागि गराइ अनुगमन गर्ने संयन्त्र निर्माण गर्ने ।

# भाग २ वडा विकास योजनाको औचित्य

## २.१ वडा विकास योजनाको परिचय

हाम्रो जस्तो श्रोत साधनको आभाव रहेको र विकासको आबस्यकता र चाहना अत्यधिक रहेको नगरपालिका र त्यस अन्तर्गतका वडाहरुले सिमित श्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नुपर्ने आबस्यकता छ ।वडाको सामाजिक,आर्थिक,सांस्कृतिक,मानवीय लगायत समग्र विकासको लागि उपलब्ध सीमित स्रोत साधनको उच्चतम र महत्वम रूपमा बाँडफाँड गरी अपेक्षित रूपमा प्रतिफल प्राप्त गर्न वडाले तर्जुमा र स्वीकृत गरी कार्यान्वयनमा लग्ने दस्ताबेज नै वडा विकास योजना (Ward Development Plan) हो।सरल रुपमा भन्दा वडाको समग्र विकासको मार्गचित्र नै वडा विकास योजना हो ।

यस वडा विकास योजनाले वडाको सबल पक्ष र कमजोर पक्षहरुको पहिचान गरी सहभागितामुलक तरिकाबाट टोल टोलमा तयार भएको टोल विकास प्रस्तावनाहरुलाई आधार बनाई वडास्तरमा आबस्यक वडास्तरका योजना तथा कार्यक्रमहरुलाई समेत समाबेश गरेको छ ।वडा समितिको नेतृत्व र सरोकारवालाहरुको अधिकतम सहभागितामा वडा कार्यालयले यो वडा विकास योजना तर्जुमा गरेको हो ।यसले वडाको सोच अनुसार वडाको समष्टीगत विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त,नीति,रणनीति तथा प्राथमिकताहरु पहिचान गरि आगामी ३ बर्ष सम्मका लागि योजनाहरु तथा क्रियाकलापहरु कार्यान्वयनको लागि प्राथमिकता अनुसार राखेको छ ।पालिकाको वार्षिक योजना र बजेट तयार गर्दा हरेक वर्ष वडाबाट पेश हुने प्रस्तावहरु वडा प्रस्तावहरु हुन् भने वडा विकास योजना चाँही बहुवर्षीय विकास योजना हो।यसै वडा विकास योजनाबाट नै आगामी आर्थिक वर्षहरूमा वडाले वडा प्रस्तावहरु बनाएर पठाउनेछ ।

## २.२ वडा विकास योजनाको औचित्य

नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम नेपाल सरकारको मिति २०७३/११/२२ गतेको निर्णय अनुसार पुनरसंरचना पश्चात हाल देशमा ७५३ वटा स्थानिय तह गठन भएका छन। ***स्थानिय सरकार संचालन ऐन २०७४*** ले निर्दिष्ट गरे अनुसार स्थानीय तहका सरकारहरूले आफ्ना जिम्मेवारी तथा कामहरू सम्पन्न गरिरहेका छन। स्थानीय सरकारहरू गठन गर्दा पुर्व गाविस तथा नगरपालिकाहरूको भुगोल लाइ अधार मानिएको छ अर्थात पुराना गाविस तथा नगरपालिकाहरू समेटिएर हालको गांउपालिका तथा नगरपालिकाको क्षेत्रफल निर्माण गरिएको छ। सामान्यतया हालको अवस्थामा गांउपालिका वा नगरपालिका वडाको क्षेत्रफल र जनसंख्या पुर्व गाविसकै हाराहारी रहेको पाइन्छ । निर्बाचित जन प्रतिनिधिहरूको संख्याको विश्लेषण गर्दा हाल पहिले भन्दा बढी जिम्मेवारि बहन गरिरहेको अवस्था छ। यस विषेश अवस्थामा स्थानीय सरकारहरूले जनताका चासो तथा मागहरू संबोधन गर्नका लागि दिर्घकालिन रणनिती तथा आवधिक योजना तयारी गरेर अगाडी बढनु उपयुक्त देखिन्छ। धेरैजसो स्थानीय सरकारहरूले आवधिक विकास योजना तयार गरेका भएता पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन तथा कतिपय स्थानीय

तहहरूले आवधिक योजनाहरूको मध्यावधि समिक्षा गरेका छैनन। वडाहरूको भुगोल हेर्दा पुर्व गाँउ विकास समितिकै हाराहारी रहेको अवस्थाका वडा विकास लाइ व्यवस्थित बनाउन वडाले आफ्नो आवधिक योजना तयार गर्न उपयुक्त देखिएको छ ।

यस वडा विकास योजनाले वडा समितिले गर्ने वार्षिक योजना तर्जुमा लाइ व्यवस्थित गर्न सघाउ गर्नेछ। यसका साथै आउदो चुनाव पश्चात बन्ने नयां वडा समिति लाइ यस आवधिक योजनाले समग्र वडाको विकासका लागि एक मार्गदर्शकको रूपमा काम गर्नेछ।

## २.३ वडा विकास योजनाका उद्देश्य

वडा भित्र रहेका टोल तथा समुदायको विकास प्रतिको चासो र दृष्टिकोण एवं भविष्यका लागि दिगो विकासका कार्यहरूलाई साकार पार्न वडाका अल्पकालीन र दिर्घकालिन गतिविधिहरू सहभागीतामूलक तरिकाले सम्पन्न गर्न वडा विकास योजना तर्जुमा गरिएको छ । वडाका समग्र बिकासका योजनाहरू लाइ आगामी तिन बर्षे लक्ष्य सहित सहभागितात्मक र समावेशीमुलक विकासको गतिलाई निरन्तरता दिइ निश्चित गन्तव्य सम्म पुग्न यस वडा विकास योजनाले सहयोग पुर्याउँछ । वडाको चौतर्फी विकासका लागि सबै सरोकारवालाहरूलाइ उचित मार्गनिर्देशन गर्ने र समयमा अशातित सफलता हासिल गरी अधिकारमा आधारीत, समाबेशी, न्यायोचित बिकास गर्ने यस वडा विकास योजना तर्जुमाको मुख्य उद्देश्य रहेको छ । यो वडा विकास आवधिक योजना हाल ५ वर्षका लागि तयार गरिने छ तथा अवश्यकता अनुसार मध्यावधि समिक्षा गर्न सकिने छ।

वडा विकास योजना तर्जुमाका उद्देश्यहरु निम्न अनुसार छन् ।

- टोल विकास प्रस्तावनाको रुपमा टोल बाट माग भएका योजना तथा कार्यक्रमहरू लाई एकीकृत गर्ने।
- वडावासीको सहभागितामा प्रतेक टोलका समस्या तथा आवश्यकताको पहिचान गर्दै सबै वर्ग, लिङ्ग, समुदाय, सिमान्तकृत र अल्पसंख्यकलाई लक्षित गरी योजना निर्माण र प्राथमिकिकरण गर्ने ।
- वडाको विकासको लागि ५ बर्षे सोच, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने र सो अनुरुप प्राथमिकताको आधारमा दीगो तथा व्यवस्थित बिकासको लागि एकिकृत योजना तर्जुमा गर्ने ।
- योजना तर्जुमा प्रक्रिया दिगदर्शन अनुसार वडाको बार्षिक योजना प्रस्तावना तयार गर्न सहयोग पुर्याउने तथा नगरपालिकाको आवधिक योजना/एकीकृत सहरी विकास योजना कार्यन्वयनका लागि सहयोगी भुमिका निर्वाह गर्ने ।
- वडाको योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकैथलोमा राखी विकासका साझा उत्तरदायित्व सिर्जना गर्ने।
- वडाको विकासका लागि प्राप्त साधन र श्रोतको अधिकतम परिचालन तथा उपयोग गर्ने र आवश्यक श्रोत र साधनहरुको पहिचान गरी थप स्रोत साधन जुटाउन सहयोग गर्ने ।

- टोल विकास संस्थाहरूको संस्थागत विकास गर्न तथा योजना तर्जुमा प्रकृयामा टोल विकास संस्थाहरूको सहभागिता अभिवृद्धि गर्ने ।
- वडा विकासका लागि छनौट भएका योजना तथा कार्यक्रम कार्यान्वयन प्रकृया लाइ सहभागितामुलक र पारदर्शि बनाउने ।
- दिगो विकास लक्ष्य प्राप्त गर्न वडाको भुमिका निर्माण गर्न सहयोग गर्ने ।
-

## २.४ वडा विकास योजना तयार बिधि/प्रकृया



वडा बिकास योजना तर्जुमा बिधि र प्रकृया

वडास्तरको आवधिक योजनाको आवश्यकता महशुस गरी घोडाघोडी नगरपालिका स्तरमा निर्णय भए अनुसार वडास्तरमा पनि वडा समितिको निर्णय गरि आवधिक योजनाको प्रकृयाका बारेमा समेत निर्णय गरि कार्य अगाडि बढाएको छ। वडा विकास आवधिक योजनाको प्रकृया अन्तर्गत सर्वप्रथम टोल विकास संस्था गठन तथा दर्ता गर्ने कार्य सम्पन्न भयो। गठन भएका प्रतेक टोलमा एक दिने टोल विकास प्रस्तावनाका लागि गोष्ठि संचालन तथा प्राप्त सुचना तथा तथ्यांकहरूलाइ क्षेत्रगत रूपमा छलफल तथा अभिलेखिकरण गर्ने काम सम्पन्न भयो। यस प्रकृया लाइ टोल विकास प्रस्तावनाका तयारि गोष्ठि भनिएको छ। टोल विकास प्रस्तावनाका तयारि गोष्ठिका बखत नै वडाका सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीहरूको विश्लेषण आदि कार्य सम्पन्न गरियो। वडा विकास आवधिक योजनालाइ अन्तिम रूप दिन वडा समिति संग परामर्श तथा वडा स्तरमा सरोकारवालाहरू संग एक दिने गोष्ठि गर्ने कार्य गरियो।

### वडा विकास योजना तयारी कार्यदल गठन

नगरपालिकाको निर्णय अनुसार वडास्तरीय योजना तयारी प्रकृया लाइ सहज बनाउन तथा टोल विकास संस्थाहरूलाई आवश्यक सहयोग गर्नका लागि वडास्तरमा एक कार्यदल टोली गठन गरियो । वडा समितिले नेतृत्व गरेको कार्यदलले टोल विकास संस्था गठनमा सहयोग गर्नुका साथै वडाको आवधिक योजना तर्जुमा प्रक्रियालाई सहजिकरण गरेको थियो ।

### टोल विकास प्रस्तावना (Tole Development Proposal) को तयारी

- वडा समितिले वडामा रहेका सवै टोल विकास संस्थाहरुलाइ सूचीकृत गर्ने कार्य सम्पन्न गरेको छ।

- टोल स्तरीय भेलाको कार्यतालिका तयार गरी वडा समितीले आफ्ना सदस्यहरुलाई तोकिएका टोलमा सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान।
- टोल विकास संस्थाहरुमा टोल भेला आयोजना गर्ने मिति, समय र स्थानको सुचना तथा जानकारी।
- टोल भेला बाट टोल/वस्तीतहका योजना छनौट गर्दा "कोहि पनि नछुटुन्" को अवधारणा अनुसार सो वस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा बर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति आदि) को प्रतिनिधित्व सुनिश्चित गरिएको थियो ।
- टोल स्तरीय तर्जुमा भेलामा टोल र बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (आमा समुह, वाल क्लव र सञ्जाल, युवा क्लव, सरकारी कार्यालयबाट गठन भएका समूहहरु) लाई पनि सहभागी गराईयो ।
- टोल भेलाको कार्यतालिका अनुसार टोल र बस्तीमा माग भएका योजना, कार्यक्रमका साथै छलफलमा आएका विषयवस्तु टिपोट गर्ने कर्मचारी वा कर्मचारी उपलब्ध नभएमा बाह्य सहजकर्ताको समेत ब्यवस्था गरिएको थियो ।
- सामुहिक निर्णयबाट पहिचान तथा प्राथमिकता भएका कार्यक्रम तथा योजनाहरुको विवरण राखी टोल विकास प्रस्तावना पुस्तिका तयार गरियो।
- टोल विकास प्रस्तावनाको तथ्याङ्कहरु सबैले पहुँच गर्न सकिने, क्लाउड (Cloud) मा आधारित सोल्स्टीस् (Solstice) को प्रयोगद्वारा तथ्याङ्क एवं जानकारीहरुलाई चित्रांकन सहित अभिलेख गरिएको थियो। टोल विकास प्रस्तावना तयारीको कार्यशालाको समयमा मोबाइल फोन सेट मा सोलिस्टिक (Solstice) को प्रयोगद्वारा संकलन गरिएको टोलको बिद्दमान स्थानको GPS तथ्यांकको आधारमा सम्पूर्ण टोलहरु सहितको वडाको GIS नक्सा तयार गरि यस पुस्तिकामा राखिएको छ ।

**वडा विकास आवधिक योजना तयारी कार्यशाला**

- वडा समितिले वडास्तरका सरोकारवालाहरु, नगरपालिका कर्मचारीहरू संग एक कार्याशाला गोष्ठी आयोजना गरी वडाको दिर्धकालिन सोच, लक्ष्य र रणनिती तयारी।
- वडाको सबल पक्ष, कमजोर पक्ष र चुनौतिहरूको विश्लेषण ।
- वडाका साझा सामाजिक, आर्थिक, सास्कृतिक मुद्दाहरुमा छलफल तथा समाधानका उयायहरूको खोजी।

**योजना तथा कार्यक्रमहरूको प्राथमिकिकरण**

- टोल प्रस्तावमा प्राथमिकिकरणका योजनाहरु र कार्यक्रमहरुलाई विषय क्षेत्रगत रुपमा छुट्टयाउने।

- टोल विकास प्रस्तावहरु, वडाको संभावना तथा प्राथमिकताको बारेमा छलफल गर्दा प्रत्यक्ष रूपमा आर्थिक विकासमा टेवा पुग्ने र लाभान्वित वर्ग लाइ बढी फाइदा हुने खालका योजनाहरु प्राथमिकिकरण गर्ने ।
- वडा गौरबका योजनाहरु र क्रियाकलापहरुको पहिचान त्यसका लागि सम्भावित श्रोतहरूको विश्लेषण गर्ने ।
- गाउँपालिका/नगरपालिकाको क्षेत्रगत प्राथमिकताको बारेमा छलफल।
- लक्षित समुहको सामाजिक तथा साँस्कृतिक मुद्दाहरुको बारेमा छलफल।

**वडास्तरीय विकास योजना तयार**

- प्राथमिकिकरणका अधारमा वडाको बजेट सिमा बाट सम्पन्न हुने योजना तथा कार्यक्रमहरुलाई हरेक आर्थिक वर्षमा संचालन हुनेगरी अगामी ५ वर्षका लागि सुचीकृत ।
- गाउँपालिका/नगरपालिका, प्रदेश तथा संध वा अन्य निकायको सहयोगमा सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको छुटै एउटा सुची तयार।
- पिछडिएका वर्ग, महिला, अपागं, दलित वा सिमान्तकृत समूहहरूको मुद्दाहरू समावेश भए नभएको सुनिश्चित ।
- वडा विकास योजनाको दस्तावेज तयार ।
- कार्यदल बाट तयर भएको वडा विकास योजना स्विकृत गर्नका लागि वडा समितिमा पेश ।

**वडा विकास योजना स्विकृत**

- वडा विकास योजना वडा समिति बाट स्वीकृत।
- स्वीकृत भएको वडा विकास योजना नगरपालिकाका क्षेत्रगत समिति र विषयगत शाखाहरुमा उपलब्ध तथा सबैको पहुचका लागि नगरपालिका बेवपेजमा अपलोड।

**वडा विकास योजना कार्यान्वयन**

वडा विकास योजनाका क्रियाकलापहरू प्रत्येक वर्ष नगरपालिकाको बार्षीक योजना तर्जुमा प्रकृयामा समाहित गर्दै कार्यान्वयन गरीने छ । प्रदेश तथा संघीय सरकारबाट हुने विकास निर्माणका कार्यक्रम, बिभिन्न अन्य गैरसरकारी संस्थाबाट हुने कार्यक्रमहरू पनि यसै वडा विकास योजनाको अधारमा अगाडी बढाइने छ भने वडा समिति, टोल विकास संस्थाहरु, उपभोक्ता समितिहरु मार्फत योजनाहरु कार्यान्वयन हुने छन ।

**अनुगमन तथा मूल्यांकन**

वडा बिकास योजनाको प्रभावकरी रूपमा कार्यान्वयन गर्नको लागी सबै पक्षहरूबाट निरन्तर अनुगमन र मूल्यांकन गर्ने कार्यलाइ सुनिश्चित गर्न टोल, वडा र पालिका तहमा योजना अनुगमन तथा मुल्यांकन समितिलाइ प्रभावकारी बनाइने छ । यस वडा विकास योजनाको मध्यावधि खर्च संरचना मुल्यांकन गरिने छ तथा अन्तिम आर्थिक वर्षमा समग्र विकास योजनाको प्रभावकारिता मुल्यांकन गरिने छ। समितिले अनुगमनका लागि सुचकहरु निर्धारण गरी अनुगमन गर्ने छन ।

## २.५ वडा विकास योजना तयारीका सिमितताहरू

वडा विकास योजना तयारीका क्रममा अनुभव गरिएका सीमितताहरु देहाय बमोजिम रहेका छन्।

- यस वडा विकास योजनामा प्रस्तावित योजनाहरुको बजेट लागत विश्लेषणका अधारमा नभइ अनुमानित मात्र राखिएको छ ।
- वडा विकास योजना कार्यान्वयनका लागि वडाका बजेट सिलिङ बाहेक अन्य निकायको सहयोग प्राप्त हुने छ भनि अनुमान गरिएको छ ।
- वडामा भएका सबै टोल/बस्तीबाट प्राप्त टोल विकास प्रस्तावनाहरु बाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ ।
- टोल/बस्तीबाट प्राप्त टोल विकास प्रस्तावनाहरुमा उल्लेखित बाहेक वडा गौरबका योजनाहरू पनि क्षेत्रगत योजनाहरु अनुसार समावेश गर्ने प्रयास गरिएको छ ।
- यस वडाको वडा विकास योजना पुस्तिकामा समावेश गरिएका जनसंख्या लगायत अन्य तथ्याङ्कहरु मूलतः टोल विकास प्रस्तावनामा आधारित छन् ।
- कोभिड-१९ को विश्व महामारी बावजुद पनि निषेधाज्ञा मापदण्डहरु पालना गर्दे तथ्याङ्कहरु संकलन तथा टोल स्तरका योजना भेलाहरु सम्पन्न गरिएका थिए ।

# भाग ३ः वडाको परिचय

### ३.१ भोगोलिक सिमाना

घोडाघोडी नगरपालिका नेपालको सुदुरपश्चिम प्रदेशमा अवस्थित एक मध्यम अबादि रहेको नगरपालिका हो। भौगोलिक हिसाबले तराइमा भेगमा पर्ने यस नगरपालिकाको कुल क्षेत्रफल ३५४.४५ बर्ग किलोमिटर रहेको छ। साबिकको दरख, साडेपानी, रामशिखरझाला तथा पछि पहलमानपुर गाविस समेटिएर नगरपालिका गठन गरिएको हो। प्रसासनिक हिसाबले यस नगरपालिका लाइ जम्मा १२ वटा वडामा विभाजन गरिएको छ ।

घोडाघोडी नगरपालिका वडा नं. ५ को कुल क्षेत्रफल २८.२३ वर्ग किलोमिटर रहेको छ र यो वडा साबिकको दरख गाविस वडा नं. ७,८ र ९ तथा रामशिखरझाला गाविसको वडा नं. ८ र ९ समेटिएर गठन भएको छ। यस वडामा आदिबासी थारू समुदाय र पहाडबाट बसाइसराइ गरि आएका विभिन्न जातजाति र धर्मका मिस्रित समुदायको बसेबास रहेको छ। यस वडामा कुल १५४१ घरधुरी रहेका छन तथा वडाको पुरूष जनसंख्या ४८१४ र महिला जनसंख्या ४६५० गरि जम्मा जनसंख्या ९४६४ रहेको छ (टोल विकास संस्था सर्बेक्षण २०७७) ।

हाल वडाको समग्र विकासका गतिविधिहरू लाइ व्यवस्थित गर्न १५ वटा टोल विकास संस्थाहरू गठन तथा दर्ता गरि परिचालन गरिएका छन। नगरपालिकाले वडा मार्फत गरिने वार्षिक योजना तर्जुमा प्रकृयामा टोल विकास संस्थाहरूले महत्वपुर्ण भुमिका निर्बाह गरिरहेका छन ।

यस वडामा पर्याप्त मात्रामा वन जंगल तथा ताल तलैयाहरु रहेका छन । नदिजन्य वालुवा, गिट्टी, तथा वनजन्य काठ दाउराको प्राकृतिक उपलब्धता रहेको छ । कृर्षिजन्य उत्पादन तथा दुग्धजन्य उध्योग धन्दा संचालनका लागि यस वडामा प्रचुर संभावना रहेको छ ।

पुर्व पश्चिम राजमार्ग संग जोडिएको यस वडामा जातिगत तथा सास्कृतिक विविधता रहेको पाईन्छ । यस वडामा बासिन्दाहरुले मनाउने प्रमुख चाडपर्वहरुमा पनि विविधता रहेको छ । दशैं, तिहार, आइतवारी, माघी, रामनवमी, विसु, तिज, गौरा पर्व, शिवरात्री, जनैपुर्णिमा आदी यस वडामा मनाइने प्रमुख चाडपर्व हुन ।

### ३.३ भौतिक पूर्वाधारको अवस्था

हाल वडा नं ५ मा पुर्व पश्चिम राजमार्ग संग जोडिएको भाग बाहेक अरू कतै पनि पक्कि सडक छैन। डोडा नदिमा मोटरेबल पुलका लागि विगतका वर्षहरू देखि नै माग भैअएको हुदा यस आ.व.मा बजेट वजेट विनियोजन भएको छ। ग्रामिण कृर्षि सडकको संजालले सबै टोललाइ जोडेको भएता पनि उक्त सडकहरूको अवस्था कमजोर छ। राजमार्ग देखि वडा कार्यालय सम्मको मुख्य सडक यहि आ.व.मा कालोपत्रे गर्नका लागि बजेट विनियोजन गरिएको छ। ६ वडा स्थानमा सामुदायिक भवनहरू रहेका छन, तथा यस्ता सामुदायिक भवनहरू थप व्यवस्थित गर्न आवश्यक रहेको छ ।

| क्र.सं. | पुर्वाधारको प्रकार | इकाइ | कैफियत |
|---|---|---|---|
| १ | पक्कि सडक | ० कि.मि. | |
| २ | ग्राबेल सडक | ३५ कि.मि. | |

| | | | |
|---|---|---|---|
| ३ | कच्ची सडक | ४० कि.मि. | |
| ४ | माध्यमिक विध्यालय | २ वटा | |
| ५ | आधारभुत विध्यालय | ४ वटा | |
| ६ | नगर स्वास्थ्य केन्द्र | १ वटा | |
| ७ | मोटरेबल पुल | छैन | चालु आ.व.का लागि बजेट विनियोजन भएको छ । |
| ८ | अन्य पुल पुलेसा | २ वटा | |
| ९ | सामुदायिक तथा सार्वजनिक भवनहरू | ६ वटा | |

## ३.४. समुदायिक संस्था तथा समुहहरू

| क.स. | समुदायमा आधारित संस्था वा समुहहरु | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कृषक समुह | ९ | कम सक्रिय |
| २ | सहकारी संस्था | १ | |
| ३ | सामुदायिक वन उपभोक्ता समुह | १० | |
| ४ | स्वास्थ्य संस्था (सामुदायिक र निजि) | ३ | |
| ५ | आमा समुह | ९ | सक्रिय नरहेका |
| ६ | सामुदायिक भवन, खेल मैदान, पाटि पौवा | ११ | |
| ७ | धार्मिक संस्था/स्थल (मन्दिर, चर्च, मदरसा) | ११ | |
| ८ | विध्यालय (सामुदायिक तथा निजि) | ८ | २ निजि |
| ९ | पशु सेवा | १ | निजि |
| १० | युवा क्लब | ६ | |

## ३.५ वडामा कार्यरत गैर सरकारी संघ-संस्थाका कार्यक्रमहरु

| क.स. | वडामा कार्यरत गैर सरकारी संघ संस्था | सहयोग गरिरहेको क्षेत्र | लाभान्वित टोल र घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १ | साना किसान सहकारी संस्था | आर्थिक विकास | २ वटा टोल | बाख्रा पालन |

## ३.६ भू-उपयोगको अवस्था

| क.स. | भू-उपयोगको नाम | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|
| १ | खेति गरेको जमिन | ७५५ | |
| २ | पाखो बारी | २ | |

| | | | |
|---|---|---|---|
| ३ | वन जंगल/ताल तलैया /संरक्षित क्षेत्र | ११ | |
| ४ | ऐलानी | ९३३ | |
| | अन्य | | |

*स्रोतः घोडाघोडी नगरपालिका पार्श्वचित्र, २०७६*

## ३.७ टोल अनुसार जातिगत घरधुरी विवरण

| क्र.स. | टोलको नाम | घरधुरी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | आदिवासी/ जनजाति | धार्मिक अल्पसंख्यक | तराई मधेस पिछडा वर्ग | अन्य | जम्मा |
| १ | डोडा टोल | ० | ७४ | ० | ० | ० | ७४ |
| २ | बनखेत टोल | २१ | ३० | ० | ० | ५४ | १०५ |
| ३ | सरैया सृजना टोल | ३ | ३३ | ० | ० | ८१ | ११७ |
| ४ | शिवशक्ति टोल | १० | ६१ | ० | ० | ६७ | १३६ |
| ५ | राजराजेश्वरी टोल | १८ | १० | ० | ० | ८४ | ११२ |
| ६ | बडिमालीका टोल | ७ | ४ | ० | ० | १२६ | १३७ |
| ७ | देवकलिया टोल | १ | ५८ | ० | ० | ३६ | ९५ |
| ८ | भगड्डी टोल | ६ | ३९ | ० | ० | ११० | १५५ |
| ९ | त्रिवेणी टोल | १६ | २० | ० | ० | ७९ | ११५ |
| १० | सरैया टोल | ० | १३८ | ० | ० | २ | १४० |
| ११ | चौगालिपुर टोल | ० | ५८ | ० | ० | ० | ५८ |
| १२ | सेवकलिया टोल | १० | ३४ | ० | ० | १९ | ६३ |
| १३ | राजिपुर पच्घरा टोल | ० | ८३ | ० | ० | ६ | ८९ |
| १४ | शितलपुर टोल | ५ | ३९ | ० | ० | १०० | १४४ |
| १५ | बेलुवापुर टोल | ८ | २० | ० | ० | ५५ | ८३ |
| | जम्मा | १०० | ७०८ | ४ | ० | ७२९ | १६२३ |

*स्रोतः टोल विकास संस्था सर्वे २०७७*

## ३.८ वडामा जातजाति अनुसार जनसंख्या विवरण

| क्र.स. | टोल विकास संस्थाको नाम | दलित | | | जनजाति | | | धार्मिक अल्पसंख्यक | | | अन्य जाति (बाहुन, क्षेत्री, ठकुरी, नेवार) | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा |
| १ | डोडा टोल | ० | ० | ० | २२५ | २२१ | ४४६ | ० | ० | ० | ० | ० | ० | २२५ | २२१ | ४४६ |
| २ | बनखेत टोल | ६३ | ६९ | १३२ | ७८ | १०९ | १८७ | ० | ० | ० | १३६ | १४५ | २८१ | २७७ | ३२३ | ६०० |
| ३ | सरैया सृजना टोल | ११ | १३ | २४ | ७४ | ९२ | १६६ | ० | ० | ० | २२६ | २३४ | ४६० | ३११ | ३३९ | ६५० |
| ४ | शिवशक्ति टोल | ४४ | ३४ | ७८ | १९२ | १६९ | ३६१ | ० | ० | ० | १६४ | २०२ | ३६६ | ४०० | ४०५ | ८०५ |
| ५ | राजराजेश्वरी टोल | ७१ | ६२ | १३३ | २७ | २५ | ५२ | ० | ० | ० | २९१ | २६४ | ५५५ | ३८९ | ३५१ | ७४० |
| ६ | बडीमालिका टोल | १६ | १८ | ३४ | ८ | ८ | १६ | ० | ० | ० | २५१ | २३४ | ४८५ | २७५ | २६० | ५३५ |
| ७ | देवकलिया टोल | ३ | ३ | ६ | १५७ | १५१ | ३०८ | ० | ० | ० | १०६ | ८३ | १८९ | २६६ | २३७ | ५०३ |
| ८ | भगड्डी टोल | २४ | २० | ४४ | ११५ | १३९ | २५४ | ० | ० | ० | ४२२ | ४३७ | ८५९ | ५६१ | ६०० | ११५७ |
| ९ | त्रिवेणी टोल | ४८ | ४० | ८८ | ४७ | ४२ | ८९ | ० | ० | ० | २४० | २४० | ४८० | ३३५ | ३२२ | ६५७ |
| १० | सरैया टोल | ० | ० | ० | ६१९ | ४२९ | १०४८ | ० | ० | ० | ० | ० | ० | ६१९ | ४२९ | १०४८ |
| ११ | चौगालिपुर टोल | ० | ० | ० | १६७ | १७५ | ३४२ | ० | ० | ० | ० | ० | ० | १६७ | १७५ | ३४२ |
| १२ | सेवकलिया टोल | ३१ | २२ | ५३ | १११ | ११९ | २३० | ० | ० | ० | ५१ | ४५ | ९६ | १९३ | १८६ | ३७९ |
| १३ | राजिपुर पच्घरा टोल | ० | ० | ० | १५३ | १६२ | ३१५ | ० | ० | ० | ७ | ९ | १६ | १६० | १७१ | ३३१ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | शितलपुर टोल | १३ | १२ | २५ | १२५ | १०० | २२५ | ० | ० | ० | २५१ | २५३ | ५०४ | ३८९ | ३६५ | ७५४ |
| १५ | बेलुवापुर टोल | ९ | १७ | २६ | ५३ | ६५ | ११८ | ० | ० | ० | १८५ | १८४ | ३६९ | २४७ | २६६ | ५१३ |
| | जम्मा | **३३३** | **३१४** | **६४७** | **२१४१** | **१९९३** | **३६८८** | **१०** | **१३** | **२३** | **२३३०** | **२३३०** | **४६६०** | **४८१४** | **४६५०** | **९४६४** |

*स्रोतः टोल विकास संस्था सर्बे २०७७*

### ३.९ बालवालिका तथा अपाङ्गता सम्बन्धि विवरण

यस वडामा १८ वर्ष मुनिका बालवालिकाहरूको जनसंख्या ९१५ रहेको छ जुन कुल जनसंख्याको ९।६६ प्रतिसत हुन्छ। त्यसैगरी यस वडामा अपाङ्गता भएका व्यक्तिहरूको संख्या २४ रहेको तथ्यांक टोल विकास सर्बेक्षण बाट प्राप्त भएको छ।

### ३.१० घरधुरीहरूको मुख्य पेशा सम्बन्धि विवरण

| क्र.स. | मुख्य पेशा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कृर्षि तथा पशुपालन | ३७६ | घरधुरी |
| २ | व्यापार व्यवसाय | १२६ | घरधुरी |
| ३ | वैदेशिक रोजगार | ७८ | जनसंख्या |
| ४ | सरकारी जागिर | ७८ | जनसंख्या |
| ५ | उध्येग तथा कलकारखाना | ८ | घरधुरी |
| ६ | भारतमा मौसमी रोजगारी | १०४९ | जनसंख्या |
| ७ | निजि क्षेत्रमा रोजगारी (अस्थाइ) | ४२ | जनसंख्या |
| ८ | सीपयुक्त, दक्ष ज्यालादारी | १६९ | जनसंख्या |
| ९ | अदक्ष ज्यालादारी | ६८७ | जनसंख्या |
| १० | अन्य पेशा | ३८७ | जनसंख्या |

*स्रोतः टोल विकास संस्था सर्बे २०७७*

### ३.११ वडाको मानव संशाधनको अवस्था

| क्र.स. | पद | दरबन्दी संख्या | हाल कार्यरत संख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १ | वडा सचिव | १ | | १ | |
| २ | सामाजिक परिचालक | १ | | १ | |
| ३ | लेखापाल | ० | | ० | |

*स्रोतः वडा कार्यालय २०७७*

## वडाको टोल सहितको नक्सा



# भाग ४ वडाको अवस्था विश्लेषण (Situation Analysis)

## ४.१ क्षेत्रगत रूपमा अवस्था विश्लेषण

टोल विकास संस्थाहरूमा एक दिने टोल विकास प्रस्तावना कार्यशालाका दौरन प्रतेक टोल बाट सबल पक्ष, कमजोर पक्ष, चुनौती तथा अवसरहरूका बारेमा छलफल गरि टोल प्रतिबेदनमा समेटिएको छ। यस प्रकार टोल बाट संकलित वडाको क्षेत्रगत रूपमा समस्याहरु तथा अवसरहरु यस प्रकार रहेका छन।

**तालिका ८ क्षेत्रगत रूपमा अवस्था विश्लेषण**

| क्षेत्र | समस्या तथा चुनौतिहरू | सबल पक्ष तथा अवसरहरू |
|---|---|---|
| आर्थिक विकास | ▪ वडामा रसायनिक मल खादको सहज उपलब्धता नभएका कारण कृर्षि उत्पादन कम हुने गरेको कृषकहरूको प्रतिकृया रहेको छ।<br>▪ साना किसानहरूमा बेमौसमी तरकारी खेतीको वारेमा जनचेतना तथा प्राविधिक ज्ञानको कमि रहेको छ।<br>▪ कृषकहरूले उत्पादन गरेको खाध्यान्न, तरकारी, फलफूल, दुध तथा अन्य कृर्षिजन्य उत्पादनले उचित बजार पाउन सकेको छैन, स्थानिय स्तरको कृर्षि उपज संकलन केन्द्रको अवश्यकता छ।<br>▪ कुनै टोलमा सालको पातको टपरी बनाउने तालिम, सिलाइ कटाइ तालिम जस्ता केहि सीपमुलक व्यवसायिक तालिमहरू विगतमा दिइएका थिए तर व्यवहारमा लागु गराउन प्रभावकारी अनुगमन भएको छैन।<br>▪ वालीनालीमा रोग किरा लागेको वेला चेकजाचका लागी प्राविधिक सेवा सहज रूपमा उपलब्ध छैन तथा वडामा पशु चिकित्सा सेवाको अभाव छ।<br>▪ आधुनिक कृषि यन्त्रहरूका लागी कृषकहरूलाइ सहुलियत ऋण उपलब्ध हुन सकेको छैनन। वन नजिकका बस्तिहरूमा जंगली जनावरहरूले वालीनाली क्षती गर्ने गर्दछन। | ▪ वन जंगल स्याउला तथा पात पतंगरहरू प्रशस्त छन, त्यसको उपयोग गरेर स्थानिय स्तरमै गोठेमल सुधार तथा प्रविधि मार्फत अर्गानीक मल उत्पादन गर्न सकिन्छ ।<br>▪ अन्न वाली बाहेक अरू नगदेवाली, फलफुल, तरकारी खेती गर्न सकेको खण्डमा जनताको जीवनस्तरमा सुधार गर्न सकिन्छ ।<br>▪ धेरै जसोका घरमा गाइ, भैसी, बाख्रा पालेका छन तथा सबै घर परिवार संग करेशाबारी छ, आधुनिकिकरण, प्रविधि र बजारको व्यवस्थापन गर्नुपर्ने आवश्यक छ । |

| | | |
|---|---|---|
| | ▪ पशुपालनमा बाख्रा पालन,कुखुरा पालन, बंगुरपालन, गाइ भैसी पालनका लागि प्राविधिक तालीमहरूको साथै सहुलियत ऋणको आवश्यकता रहेको छ।<br>▪ अति विपन्न, महिला तथा भुमिहिन परिवारका लागि अन्य सीपमुलक तालिम जस्तै सिलाइ कटाइ, फर्निचर, अचार बनाउने, सजावटका सामान बनाउने, मोबाइल मर्मत, बाइक मर्मत आदी दिन सकेमा उनिहरूको आर्थिक अवस्था सुधार हुने देखिन्छ।<br>▪ अदक्ष व्यक्तीहरू भारत गएर ज्याला मजदुरी गर्न वाध्य छन। युवाहरूका लागि आयमुलक तालिमहरू जस्तै प्लम्बर ,हाउस वाइरिङ,कुक, ड्राइवर, अटोमेकानिक जस्ता आयमुलक आदी तालीमहरू दिनुपर्ने देखिन्छ।<br>▪ गोठेमल सुधार प्रविधि विस्तार गर्न सकेको खण्डमा रसायनिक मलमा निर्भरता कम गर्न सकिन्छ।<br>▪ केरा खेतिको प्रचुर संभावना भएता पनि त्यस सम्बन्धि प्राविधिक ज्ञान सिपको कमि नै रहेको छ। | ▪ सालको जंगल प्रर्याप्त छ, सालको पातको टपरी उत्पादन गर्न सकिन्छ ।<br>▪ मूल सडक नजिक छ, कृर्षि उपज संकलन केन्द्र खोल्न सके वजारको राम्रो सम्भावना छ ।<br>▪ बोरिङ बाट सिचाइ गर्न सके उत्पादनमा सुधार गर्न सकिन्छ ।<br>▪ उन्नत विउ विजनको प्रयोग तथा प्रविधि सुधारले उत्पादकत्व बढाउन सकिन्छ ।<br>▪ जनसहभागीता गर्न टोल वासी चाहन्छन । |
| सामाजिक विकास | ▪ अधिकांस टोलहरूमा मुख्यतया वर्खायामामा ज्वरो,टाइफाइड,झाडा पखाला आदि रोग देखिने गर्दछ।<br>▪ महिलाहरूमा पाठेघर खस्ने समस्या रहेको कुरा छलफलका दैरान महिलाहरूले बताउनु भएको छ।<br>▪ युवाहरूमा मनोसामाजिक समस्या रहेको छ, लागु पदार्थको सेवन गर्ने गरेका छन तथा साना कुराहरूका लागी युवाहरू आत्महत्या सम्म गर्ने गर्दछन कुरा छलफलका दैरान टोलबासीले बताउनु भएको छ।<br>▪ वडामा केहि युवाहरू कलाकार हुनुहुन्छ तर वडा र नगरपालिकाले त्यस्ता युवाहरूलाइ उचित प्रोत्साहन गर्न जरूरी छ। | ▪ सीप, कला प्रवर्धन गर्न सकिन्छ ।<br>▪ खानेपानीका लागि ओभरहेड योजना मार्फत धेरै घरधुरीमा सेवा दिन सकिन्छ। |

| | | |
|---|---|---|
| | ▪ धेरैजसो घरमा शुद्द खाने पानीको अभाव छ, कुनै स्थानमा सुख्खा मौसममा जमिनको पानि सुकेर जान्छ, धेरे टाढा बाट बोकेर खानेपानीको जोहो गर्नु पर्छ र साथै पानीमा अर्सेनिक रहेको अनुमान छ, परिक्षणको अवश्यकता छ ।<br>▪ आधारभुत विधालय करिब ३ कि मी टाढा रहेको छ, त्यहां पुग्न साना वालवालिकाहरू लाइ धेरै दुख गर्नु पर्छ। विध्यालय जाने बाटोमा नदिमा पुल नहुदा वालवालिका जोखिममा छन ।<br>▪ जनप्रिय आधारभुत विध्यालय लगायतका कतिपय सामुदायिक विध्यालयहरूमा तोकिए बमोजिम शिक्षक दरबन्दी छैनन्।<br>▪ अति विपन्न घरधुरीका वालवालिकाहरू अर्थिक अभावका कारणले शिक्षावाट वंचित हुन पुगेका छन ।<br>▪ पढेलेखेका युवाहरू वेरोजगार छन, रोजगारीका अवसरहरू छैनन् ।<br>▪ सानो उमेरमा नै वालवालीकाहरू विद्यालय वाट नै प्रेम विवाह गर्दछन ।<br>▪ अकस्मात दुर्धटना हुदा नजिकको स्वास्थ्य चैकी सम्म पुग्नका लागी स्थानिय स्तरमा सवारी साधन छैन ।<br>▪ केहि घरमा अझै मापदण्ड अनुसारका पक्कि चर्पि बनेका छैनन ।<br>▪ सम्बन्धित निकाय बाट विद्यालयहरूमा प्रभावकारी अनुगमन हुदैन।<br>▪ वडामा स्वास्थ्य स्वंयम सेविकाहरू पर्याप्त छैनन।<br>▪ नवदुर्गाको मन्दीर तथा अन्य मन्दिर जिर्ण अवस्थामा छन ।<br>▪ केही टोलमा चर्च बनाउन जग्गा छैन। टोलमा फोहोर व्यवस्थापन तथा ढल निकासको उचित व्यवस्थापन नभएकाले समस्या बनेको छ। | |
| पूर्वाधार विकास | ▪ ग्रामिण सडकहरू बर्षायाममा डुवान हुने गरेका छन तथा ग्राबेल नहुदा समस्या हुने गर्दछ । | ▪ झोलुगे पुल को योजना माग गरिएको छ तथा पास भइ सकेको छ । |

| | | |
|---|---|---|
| | ▪ डोडा नदीमा पक्की पुल नहुदा बर्षातको बेलामा सडक अवरूद्ध हुने गर्दछ ।<br>▪ धेरैजसो टोलहरूमा सामुदायिक भवन बनेका छैनन् ।<br>▪ गर्मिदिनहरूमा बोरिङको पानी सुक्ने हुदा समयमा धान रोपाइ गर्न सकिदैन, सिचाइको लागी अन्य कुनै येजना अएको छैन।<br>▪ राष्ट्रिय मा. वि. देखि मोन्याल सामुदायिक वन सम्मको बाटो कालोपत्रे तथा सडकको पानी निकासका लागी नालीको अवश्यकता छ ।<br>▪ झोलुगे पुलको निर्माण कार्य विवादका कारणले अगाडी बढन सकेको छैन। गुर्दवा घाटमा नदी कटानले वाटो विग्रेको अवस्था छ ।<br>▪ डोडा टोलमा विजुलीको पावर (भोल्टेज) कम हुनाले मोटर लगायतका उपकरणहरू चल्दैनन ।<br>▪ चौगालिपुर टोलमा ढल निकासहरू सागुरो छन वर्षातको समयमा पानी सजिलै निकास हुदैन।<br>▪ डोके वजार देखी वडा कार्यालय सम्मको सडक कालोपत्रे गर्न सकिएको छैन। कल्भर्ट नभएका कारण ग्रामिण सडकहरू कटान र डुवान हुने गर्दछन ।<br>▪ राम जानकी मन्दिर र शिद्दनाथ वावा मन्दिर निर्माण अधुरो छ ।<br>▪ धेरैजसो टोलहरूमा खेलकुद मैदान तथा सार्वजनिक भवनहरूको अभाव छ।<br>▪ सृजना टोल देखि झोलुङ्गे पुल सम्मको सडकमा ह्यूम पाइप राखेर ग्राभेल गर्नुपर्ने अवश्यकता छ।<br>▪ त्यसैगरी राम ताल देखि झोलुङ्गे पुल सम्मको सडक ग्राभेल तथा ह्यूम पाइप राख्नुपर्ने देखिन्छ। | ▪ विजुलीको हाइ एक्सटेन्सन लाइन विस्तार मार्फत पावरमा सुधार गर्न सकिन्छ।<br>▪ सार्वजनिक निर्माणहरूमा जनसहभागीता गर्न टोल वासी चाहन्छन ।<br>▪ बाटोघाटो निर्माणका लागी कुनै स्थानमा पनि जग्गा विवाद छैन ।<br>▪ पक्की पुल निर्माणका लागी विवाद रहित वातावरण छ । |

| | | |
|---|---|---|
| वन, वातावरण तथा विपद व्यवस्थापन | ▪ सामुदायिक वन खुला भएको कारण वन बाट काठ चोरी पैठारी हुने गरेको छ।<br>▪ वर्षाको पानीको प्राकृतिक निकास नहुदा बस्तिका केहि घर डुबानमा पर्ने गरेका छन । टोलको ढल निकास व्यवस्थित छैन ।<br>▪ कान्द्रा नदी ले जमिन कटान गरि खेति योग्य जमिन विनास गरेकोछ, उक्त नदी का कारणले गर्दा वस्ती नै विस्थापित हुने अवस्थामा छ ।<br>▪ प्रत्येक वर्ष भूक्षय, डुवान तथा कटानी हुनुका साथै नदीले खेतिपाती समेत बगाएर लग्ने गर्दछ ।<br>▪ मोन्याल सामुदायिक वनको उत्तर पश्चिम देखि खरवारी सम्म् कान्द्रा नदीको प्रकोप हुने गर्दछ । सोहि क्षेत्रमा भूक्षय हुन्छ ।<br>▪ जंगली जनावरहरूले वालीनाली क्षति गर्दछन ।<br>▪ चोगालीपुर र डोडाको विचमा खेलमैदानको बाटो नजिकको खेत नदी कटानले बगाएको छ।<br>▪ शान्ती सामुदायिक वनमा तारवार छैन, वन अतिक्मणको उच्च जोखिम छ । | |
| संस्थागत विकास, सुशासन र सेवा प्रवाह | ▪ वडा कार्यालयका सुचनाहरू समयमा टोल सम्म् पुग्दैनन ।<br>▪ पिडित र लक्षित समुदाय राज्यबाट प्रवाह हुने सेवाका पहुचमा छैनन ।<br>▪ वडाले महत्वपुर्ण सुचनाहरू अन्य संचार माध्यम तथा रेडियो मार्फत सुचना प्रशारण गर्न नसकेको । | |

### ४.२ वडाको समग्र विकास र सम्भावनाहरु

घोडाघोडी नगरपालिकाको वडा नं ५ बिशेष गरि तरकारी खेति हुने क्षेत्रको रूपमा परिचित छ । वडाको समग्र विकास र सम्भावनाहरुलाई हेर्दा यस वडाको आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकासको विद्धमान अवस्था, समस्या, चुनौतिको आधारमा गर्न जरुरी देखिन्छ । त्यसैले हरेक पांच विकास क्षेत्रगत् अनुसार विकास र सम्भावनाहरु निम्न अनुसार गरिएको छ ।

#### ४.२.१ आर्थिक विकास

यस वडामा बसोबास गर्ने मानिसहरुको मुख्य पेसा कृषि रहेको छ र वडाको ७५५ विगाहा खेतीयोग्य जमिन रहेको छ । यस क्षेत्रमा धान, गहुँ, मकै आदि मुख्य अन्नहरु उत्पादन हुन्छन । फलफुल वाली तर्फ आप, कटहर तथा नगदे वाली तर्फ तोरी, खुर्सानी, बेसार, लसुन आदि उत्पादन हुन्छन् । यहांका कृषकहरूले प्राय परम्परागत खेती प्रणालीबाट उत्पादन गर्ने चलन देखिन्छ । यस क्षेत्रमा आधुनिक किसिमले घाँस खेती गर्ने चलन छैन। अचार तथा गुन्द्रुक बनाउने प्रकारका घरेलु उद्योगहरुको सम्भाव्यता यस क्षेत्रमा रहेको छ। यस वडामा फुलबारी ताल, रामतलीया ताल, वनखेत ताल, सझीया ताल, पलपरान ताल जास्ता तलैयाहरू रहेका छन तथा यि तालहरूमा उत्पादित माछा बिक्रि बाट वार्षिक रूपमा आम्दानी हुने गरेको छ । यस वडामा १२ वटा सकृय कृषक समुहहरू रहेका छन

#### ४.२.२ सामाजिक विकास

यस वडा न. ५ मा कुल जनसङ्ख्या मध्ये ९९ प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन् । यस वडामा ८ वटा बाल विकास केन्द्र तथा ६ वटा विद्यालयहरु रहेका छन् । यस वडामा १ वटा स्वास्थ्य चौकी र २ वटा गाउँघर क्लिनिकले स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् । स्वास्थ्य संस्थाहरुले २४ घण्टे सेवा प्रवाह गरिरहेका छन् । वडामा पूर्ण सरसफाई कार्यक्रम सञ्चालन भइरहेको छ । वडा क्षेत्र खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भईसकेकोले सबैले शौचालय प्रयोग गर्छन । यस वडामा कच्ची शौचालय २०० र १,३०० वटा पक्की शौचालय रहेका छन् । बृहत ओभरहेड खानेपानी योजना निर्माणाधिन रहेकोले धेरै जसो ठाउँमा एक घर एक धारा को सम्भावना रहेको छ । यस वडामा महिला सञ्जाल, महिला आमा समूह लगायत जम्मा ९ वठा सामुदायिक समूहहरु क्रियाशील भएकोले महिला हिंसा, छुवाछुत प्रथा विरूद्ध जनचेतना जगाउने कार्य भैरहेको पाइन्छ ।

#### ४.२.३ पूर्वाधार विकास

यस वडा क्षेत्र भित्र २.५ किलोमिटर पुर्व पश्चिम राजमार्ग रहेको छ भने ७५ किलोमिटर ग्रामीण सडक रहेको छ । सडकको पूर्वाधार विकासका लागि विभिन्न वस्तीहरु जोड्ने ट्र्याकहरु खोलिँदै छन् । ३ वटा सडकको स्तरोन्नति भैरहेको छ । यस वडा क्षेत्रमा मानिस आवतजावतको लागि २ वटा नदिमा

झोलुङ्गे पुल रहेका छन् । यस क्षेत्रमा केन्द्रिय प्रशारण लाइन बाट विद्युत आपूर्ति भैरहेको छ भने यसको विस्तरका लागि थप बजेट छुटयाएको छ । यस वडामा एक मात्र टेलिफोन टावर बाट संचार सेवा पुगेको छ तथा वडाका प्राय सबै घरमा मोबाइल प्रयोग गर्ने गरेका छन् ।

### ४.२.४ वन, वातावरण तथा विपद् व्यवस्थापन

यस वडाको कुल २८२३ हेक्टर क्षेत्रफल मध्ये १३६० हेक्टर वन क्षेत्र पर्दछ । यस वडामा जम्मा १६ वटा सामुदायिक वन रहेका छन् । यस क्षेत्रमा साल, सिसम जस्ता काठजन्य वनस्पतिहरुका साथै औषधिजन्य वनस्पति पाइन्छन् । बिभिन्न वन्यजन्तुहरु जस्तै बाघ, स्याल, घोरल, बदेल आदी यस वडाका वन क्षेत्र भित्र पाइन्छन् । उल्लेखित वनस्पतिहरु तथा वन्यजन्तुहरुलाई जोगाउन यस वडामा जथाभावी वन फडानी नियन्त्रण, आगलागी नियन्त्रण तथा वृक्षारोपण गरि संरक्षण गर्नु पर्दछ । जैविक विविधता भएको यस वडाको वन क्षेत्र हरुको संरक्षण तथा विस्तार गर्न सकेमा दिगो वातावरणिय विकासको सम्भावना रहेको देखिन्छ । यस वडामा बिपद् जोखिम न्युनीकरणका लागि बिपद् व्यवस्थापन समिति गठन भएको छ । वडाका क्षेत्रमा हावाहुरी, पहिरो, आगलागी, बाढी जस्ता प्रकोपहरुका कारण केही वस्तीहरु उच्च जोखिममा रहेकाले बिपद् पूर्व तयारीका लागि अपनाउनु पर्ने कार्यहरु गरेर ती बस्तीहरुलाई सुरक्षित गर्न जरुरि देखिन्छ ।

### ४.२.५ संस्थागत विकास, सुशासन रसेवा प्रवाह

वडा नं ५ को आफ्नै वडा कार्यालय भवन, बैठक हल रहेको तथा इन्टरनेटको पनि सुबिधा भएकोले गुणस्तरीय सेवा प्रवाहमा सहजता छ। वडा कार्यालयमा ३ जना कर्मचारीहरु कार्यरत रहेका छन् । वडाले आफ्नो क्षेत्र भित्र कार्य गरिरहेका गैसस, निजी क्षेत्र, मिडिया, समुदायमा आधारित क्लबहरु, उपभोक्ता समिति, नागरिक समाज जस्ता विकासका साझेदारहरु बीच समन्वय गर्दे विकासका कार्यहरु गरिरहेको छ । उक्त बिभिन्न विकासका साझेदारहरुसंग समन्वय गरेर आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरि अनुगमन तथा मूल्याङ्कन गर्ने काम वडाले गरिरहेको छ ।

# भाग ५ क्षेत्रगत योजनाहरु र कार्यक्रमहरु

## ५.१ विगत ४ वर्षमा नगरपालिका बाट वडालाइ प्राप्त बजेट सिमाको अवस्था

| क्र.स. | क्षेत्र | प्राप्त बजेट रू. (हजारमा) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | आ.ब.२०७५/०७६ | आ.ब.२०७६/२०७७ | आ.ब.२०७७/२०७८ | आ.ब.२०७८/२०७९ | |
| १ | आर्थिक विकास | ४२०,००० | ०० | ०० | ५००,००० | |
| २ | सामाजिक विकास | ५४०,००० | ६००,००० | ३५०,००० | ५५०,००० | |
| ३ | पूर्वाधार विकास | ७,८२५,००० | १०,८३०,००० | १,६५०,००० | ५,८५०,००० | वडा भवन निर्माण वजेट सहित |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | २००,००० | ०० | ०० | १००,००० | |
| ५ | संस्थागत विकास, सुशासन र सेवा प्रवाह | ४००,००० | ५७०,००० | ८४५,९३० | १,०७८,००० | |
| | जम्मा वार्षिक बजेट | **९,३८५,०००** | **१२,०००,०००** | **२,८४५,९३०** | **८,०७८,०००** | |

*स्रोतः वडा कार्यालय*

## ५.१ यस आर्थिक वर्ष २०७८/७९ का लागि स्विकृत योजना तथा बजेट (पहिलो वर्ष)

| क्र.सं. | योजनाको नाम | स्थान वा टोल | लागत रकम रू. | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | नपा/वडा | प्रदेश सरकार | संघीय सरकार | |
| | **१. आर्थिक विकास क्षेत्र** | | | | | |
| 1 | डम्मरी वोरिङ जडान | शितलपुर | 150,000 | | | |
| 2 | दुन्द्रा खोलामा सिचाइका लागि बाध निर्माण | पचघरा | 300,000 | | | |
| 3 | जाम तथा अचार बनाउने तालिम | सबै टोल | 50,000 | | | |
| | **जम्मा बजेट** | | **500,000** | | | |
| | **२. सामाजिक विकास क्षेत्र** | | | | | |
| 1 | सामाजिक सचेतनामुलक कार्यक्रमहरू (विभिन्न शिर्षकमा) | वडा भित्र | 100,000 | | | |
| 2 | मरूवा निर्माण | शितलपुर | 50,000 | | | |
| 3 | मरूवा निर्माण | भगड्डी | 50,000 | | | |
| 4 | अधुरो गौरा मन्दिर निर्माण | बडिमालिका | 300,000 | | | |
| 5 | स्वास्थ्य सिविर संचालन | वडा भित्र | 50,000 | | | |
| | **जम्मा बजेट** | | **550,000** | | | |
| | **३. पुर्वाधार विकास क्षेत्र** | | | | | |
| 1 | डिल्लीराजको घरदेखि वडा नं ४ सम्म जोडने बाटो ग्राबेल | सितलपुर | 250,000 | | | |
| 2 | शिवमन्दिर देखि त्रिवेणी टोल सिमा सम्म माटो पटानी र ग्रावेल | सेवकलिया | 500,000 | | | |
